# गोदावरी नगरपालिकाको साधारण निर्माणमुखी खानीजन्य तथा नदीजन्य पदार्थको संरक्षण, व्यवस्थापन तथा उपयोग सम्बन्धी ऐन, २०८१

**प्रस्तावनाः** वातावरणीय पक्षमा प्रतिकूल प्रभाव नपर्ने गरी गोदावरी नगर क्षेत्र भित्रको ढुङ्गा, गिट्टी, बालुवा, माटो र स्लेट जस्ता खानी तथा खनिज स्रोतहरुको संरक्षण, सर्वेक्षण, उत्खनन्, उपयोग गर्दै नगरपालिका भित्रका सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राखी खानीजन्य तथा नदीजन्य पदार्थ संरक्षण, व्यवस्थापन र उपयोग गर्दै यस क्षेत्रको विकास र समृद्धिमा टेवा पुऱ्याउनका लागि गोदावरी नगरपालिकाको खानीजन्य तथा नदीजन्य पदार्थको संरक्षण, व्यवस्थापन तथा उपयोग सम्बन्धी ऐन बनाई कार्यान्वयनमा ल्याउन वाञ्छनीय भएकोले,

नेपालको सविधान २०७२ को धारा २२६, अनुसूची -८ तथा अनुसूची -९ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (९प) ले दिएको अधिकार बमोजिम गोदावरी नगरपालिकाको नगरसभाले यो ऐन जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "गोदावरी नगरपालिकाको साधारण निर्माणमुखी खानीजन्य तथा नदीजन्य पदार्थको संरक्षण, व्यवस्थापन तथा उपयोग सम्बन्धी ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन गोदावरी नगरपालिकाको नगरसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस ऐनमा

(क) **"नगरपालिका"** भन्नाले गोदावरी नगरपालिका, ललितपुरलाई सम्झनुपर्छ।

(ख) **"खानीजन्य पदार्थ"** भन्नाले जमीनको सतह वा भूगर्भभित्र पाइने साधारण निर्माणमुखी ढुङ्गा, गिट्टी बालुवा, माटो र स्लेट आदि सम्झनुपर्छ।

**प्रष्टीकरणः** कुनै खनिज साधारण निर्माणमुखी खनिज हो/होईन भन्ने कुरामा दुविधा भएमा सो को निरोपण संघीय खानी तथा भूगर्भ विभागले गर्नेछ।

(ग) **"नदीजन्य पदार्थ"** भन्नाले गोदावरी नगरपालिका क्षेत्रभित्र रहेका खोला नदीहरुमा रहेका ढुङ्गा, गिट्टी, बालुवा, माटो जस्ता पदार्थ सम्झनुपर्छ।

(घ) **"सर्भेक्षण कार्य"** भन्नाले खानीजन्य र नदीजन्य पदार्थको प्रकार, गुणस्तर, परिमाण आदि निर्धारण गर्न गरिने अन्वेषण तथा सर्वेक्षण कार्यलाई सम्झनुपर्दछ।

(ङ) **"खनिज कार्य"** भन्नाले साधारण निर्माणमुखी खनिज पदार्थको सर्वेक्षण र उत्खनन् कार्य सम्झनुपर्दछ।

(च) **"वातावरणीय अध्ययन"** भन्नाले वातावरण संरक्षण सम्बन्धी प्रचलित संघीय, प्रादेशिक र स्थानीय कानून बमोजिमको संक्षिप्त वातावरण अध्ययन, प्रारम्भिक वातावरण परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कलाई सम्झनुपर्छ।

(छ) **"उत्खनन् कार्य"** भन्नाले मेशिनको प्रयोग गरी वा नगरी खानीजन्य तथा नदीजन्य पदार्थको संकलन, उत्खनन्, प्रशोधन, सञ्चय, ढुवानी वा बिक्री वितरण गरिने कार्यलाई सम्झनुपर्छ ।

(ज) **"अनुमति प्राप्त व्यक्ति"** भन्नाले दफा ५ बमोजिम खानीजन्य तथा नदीजन्य पदार्थको कार्य गर्ने अनुमति प्राप्त व्यक्ति, फर्म वा कम्पनीलाई सम्झनुपर्छ ।

(झ) **"खनिज क्षेत्र"** भन्नाले खनिज कार्य गर्ने अनुमति पत्रमा उल्लेखित क्षेत्र सम्झनुपर्छ ।

(ञ) **"तोकिएको"** वा **"तोकिए बमाजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि वा मापदण्डमा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनुपर्छ ।

(ट) **"समिति"** भन्नाले यस ऐनको दफा १९ बमोजिमको सिफारीस समिति सम्झनुपर्छ।

३. **खनिज कार्य गर्ने अधिकार :** (१) यस ऐन बमोजिमको खनिज कार्य गर्ने एकाधिकार नगरपालिकालाई हुनेछ।

(२) यस ऐनको अधीनमा रही नगरपालिकाले तोकिएको परिमाणमा खनिज पदार्थको विक्री वितरण गर्न सक्नेछ।

(३) यस नगरपालिकालाई खानीजन्य तथा नदीजन्य पदार्थको खनिज कार्यमा पूँजी लगानी गरी वा अन्य कुनै प्रकारको हिस्सेदार बन्ने अधिकार हुनेछ ।

गोदावरी नगरपालिका, ललितपुर

(४) नगरपालिकाले नदीजन्य खनिज पदार्थको परिमाण समेत एकिन गरी वातावरणीय अध्ययन गराई सो को आधारमा खनिज कार्य आफै गर्ने वा अरू कुनै व्यक्ति, फर्म, कम्पनीलाई अनुमति प्रदान गरी वा सम्झौता गरी गराउन सक्नेछ।

(५) उपदफा (४) मा जेसुकै लेखिएको भएतापनि कसैको निजी जग्गा उपयोगको लागि सम्याउनु परेमा नगरपालिकाको स्वीकृतिमा त्यस्तो जग्गा सम्याउन सक्नेछ। यसरी जग्गा सम्याउदा निस्कने खनिज बिक्री वितरण गर्न पाईने छैन।

## परिच्छेद-२

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

४. **अनुमति प्राप्त गर्नुपर्ने :** यस ऐन बमोजिम अनुमति प्राप्त नगरी कसैले पनि खानीजन्य तथा नदीजन्य पदार्थको खनिज कार्य गर्न गराउन पाइनेछैन ।

५. **सर्वेक्षण अनुमतिपत्र:** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुको अधिनमा रही सर्वेक्षण गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले प्रकार, गुणस्तर र परिमाण यकीन भई नसकेको खनिज पदार्थको सर्वेक्षण कार्य गर्न अनुमतिको लागि तोकिएको ढाँचामा नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि समितिले निवेदकको आर्थिक, प्राविधिक क्षमताको आवश्यक जाँचबुझ गरी १५ दिनभित्र अनुमति दिने वा नदिने सम्बन्धमा निवेदकलाई जानकारी दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा अन्वेषण अनुमति प्रदान गर्न उपयुक्त देखिएमा तोकिए बमोजिम दस्तुर लिई सर्वेक्षण कार्य गर्न शर्त सहित अनुमति दिन सक्नेछ ।

(४) सर्वेक्षण अनुमति प्राप्त गरेको ६ महिनाभित्र सर्वेक्षण कार्य सम्पन्न गर्नुपर्नेछ ।

(५) नगरपालिकाले सर्वेक्षण तथा अन्वेषण कार्य गरी पत्ता लगाएको गुण र परिमाण समेत यकीन भई सकेको खनिज पदार्थको सर्वेक्षण कार्यमा लागेको प्रत्यक्ष खर्च बराबरको रकम वा शेयर लिई उत्खनन् अनुमति प्रदान गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम खनिज कार्य गर्ने अनुमति दिंदा नगरपालिकाले खनिज कार्यको क्षेत्र, अवधि र त्यस्तो खनिज कार्यमा नगर कार्यपालिका हिस्सेदार बन्ने भएमा तत्सम्बन्धी कुराहरु समेत उल्लेख गर्नुपर्नेछ ।

६. **उत्खनन् अनुमति पत्र :** (१) दफा ५ बमोजिम सर्वेक्षण अनुमति प्राप्त व्यक्ति, फर्म वा कम्पनीले गुणस्तर र परिमाण यकीन गरी सर्वेक्षण अनुमतिपत्रको अवधि समाप्त हुनुभन्दा अगावै उत्खनन्को प्रस्ताव सहित तोकिएको ढाँचामा नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम उत्खनन् अनुमतिका लागि निवेदन प्राप्त भएपछि समितिले व्यक्ति, फर्म वा कम्पनीको प्राविधिक र आर्थिक क्षमता र उत्खनन् प्रस्ताव समेत जाँचबुझ गरी प्रतिवेदन साथ अनुमतिका लागि ६० दिनभित्र नगरपलिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) समितिको प्रतिवेदन प्राप्त भएपश्चात नगरकार्यपालिकाले सम्बन्धित पक्षलाई १५(पन्ध्र) दिनभित्र प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने निर्णय गरी सोको जानकारी दिनुपर्नेछ ।

(४) उत्खनन् प्रस्ताव स्वीकृत भएपश्चात प्रस्तावकले वातावरण सम्बन्धी प्रचलित कानूनबमोजिम तोकिएको निकायबाट वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएपश्चात नगरपालिकाले तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई उत्खनन् अनुमति दिन सक्नेछ।

(६) यस दफा बमोजिम उत्खनन् कार्य गर्ने अनुमति प्रदान गर्दा नगरपालिकाले खनिज कार्यको क्षेत्र, अवधि, त्यस्तो खनिज कार्यमा नगरपालिका हिस्सेदार बन्ने भए तत्सम्बन्धी विषय तथा आवश्यक शर्त बन्देजहरु समेत उल्लेख गर्नुपर्नेछ।

७. **अनुमतिपत्रको नामसारी सम्बन्धी व्यवस्था :** (१) अनुमति प्राप्त व्यक्तिले नगरपालिकाको पूर्वस्वीकृति नलिई आफुले प्राप्त गरेको अनुमतिपत्र अन्य कसैको नाममा नामसारी गर्न पाईने छैन।

(२) अनुमति प्राप्त व्यक्तिले आफुले प्राप्त गरेको अनुमतिपत्र अरु कसैको नाममा नामसारी गर्न चाहेमा दुवै पक्षले तोकिएको दस्तुर तथा कागजात संलग्न गरी नगरपालिका समक्ष संयुक्त निवेदन दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम नामसारी गरिलिन चाहने व्यक्तिको तोकिए बमोजिमको प्राविधिक तथा आर्थिक योग्यता हुनुपर्नेछ।

(४) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा समितिले जाँचबुझ गरी नामसारी गर्ने वा नगर्ने सम्बन्धमा सिफारिस गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम नामसारीको लागि सिफारीस भई आएमा नगरपालिकाले तोकिएको दस्तुर लिई अनुमतिपत्र नामसारी गरीदिन सक्नेछ।

८. **अनुमतिपत्रको नवीकरण :** अनुमति प्राप्त व्यक्तिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महीनाभित्र खनिज कार्य गर्ने अनुमतिपत्र तोकिएको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ।

९. **अनुमतिपत्र खारेज गर्न सक्ने :** (१) देहायको कुनै अवस्थामा कार्यपालिकाले यस ऐन बमोजिम प्रदान गरिएको अनुमतिपत्र खारेज गर्न सक्नेछ:

(क) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र परित्याग गर्न निवेदन दिएमा,

(ख) उत्खननका लागि दिईएको अनुमतिपत्र निवेदक आफै वा निजको प्रतिनिधिले ३० दिनभित्र बुझी नलिएमा,

(ग) तोकिएको अवधिभित्र अनुमतिपत्र नवीकरण नगराएमा,

(घ) सार्वजनिक हित, राष्ट्रिय सुरक्षा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कार्य गरेमा वा वातावरण संरक्षण तथा नकारात्मक प्रभावहरुको न्यूनीकरणका उपायहरु कार्यान्वयन नगरेमा,

(ङ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेका कानून विपरीतको कार्य गरेमा,

(च) यो ऐन बमोजिम पेश हुनुपर्ने विवरण, प्रतिवेदन तथा सूचना तोकिएको समयभित्र पेश नगरेमा,

(छ) अनुमतिपत्रको अवधि समाप्त भएमा ।

## परिच्छेद-३

## खनिज कार्यको सञ्चालन

१०. **खनिज कार्यको सञ्चालन:** (१) अनुमति प्राप्त व्यक्तिले खनिज कार्यको संचालन खनिज कार्य गर्ने अनुमति प्राप्त गरेको मितिले ६ महीनाभित्र गर्नुपर्नेछ ।

(२) अनुमति प्राप्त व्यक्तिले खनिज कार्य गर्दा अपनाउनु पर्ने कार्यविधि र प्रक्रिया तथा पालन गर्नुपर्ने शर्तहरु तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) मा जेसुकै लेखिएको भए तापनि बिशेष परिस्थिति उत्पन्न भई तोकिएको समयभित्र खनिज कार्य संचालन गर्न नसकेमा उक्त समय समाप्त हुनुभन्दा १ महीना अगावै मनासिव कारणसहित अवधि थपको लागि नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएमा र नगरपालिकाले अवधि थप गर्न मनासिव देखेमा बढीमा ६ महीनासम्मको लागि एकपटकलाई अवधि थप गरिदिन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको अवधिमा समेत खनिज कार्य संचालन हुन नसकेमा त्यस्तो खनिज कार्यको अनुमति नगरपालिकाले रद्द गर्न सक्नेछ।

११. **खनिज क्षेत्रको आकार तथा क्षेत्रफल:** (१) खनिज कार्य गर्ने क्षेत्रको आकार आयातकार वा बर्गाकार हुनेछ र क्षेत्रफल ०.२५ वर्ग कि.मी. हुनेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको क्षेत्रको कूल लम्बाईको नाप कूल चौडाईको नापको चार गुणाभन्दा बढी हुने छैन।

(३) उपदफा (१) बमोजिमको क्षेत्रफलमा उत्खनन् क्षेत्र र खानी क्षेत्र क्रमशः कम्तीमा ०.०१ वर्ग किलोमिटर (१ हेक्टर) तथा ०.०५ वर्ग किलोमिटर (५ हेक्टर) हुनुपर्नेछ।

१२. **उत्खनन् कार्यको स्तर र अवधि र अवधि थप सम्बन्धी व्यवस्था:** (१) यस ऐनको प्रयोजनको लागि दैनिक उत्पादनको आधारमा खनिज उत्खनन् कार्यको स्तर र अनुमतिपत्रको अवधि देहाय बमोजिम हुनेछ:

| क्र.सं. | दैनिक उत्खनन् क्षमता | खनिज कार्यको स्तर | अनुमतिपत्रको अवधि |
|---|---|---|---|
| १. | २५ घनमीटर सम्म | अति साना | १० वर्ष |
| २. | १५० घनमीटर सम्म | साना | १५ वर्ष |
| ३. | ५०० घनमीटर सम्म | मझौला | २० वर्ष |

| | | | |
|---|---|---|---|
| ४. | ५०० घनमीटर भन्दा बढी | ठूला | २५ वर्ष |

(२) उपदफा (१) बमोजिमको अवधिभित्र उत्खनन् कार्य सम्पन्न गर्न नसकिने भई अवधि थप गर्नुपर्ने भएमा उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले त्यसरी अवधि समाप्त हुनुभन्दा तीन महीना अगावै अवधि थपको लागि उक्त समयसम्मको वार्षिक उत्पादन प्रगति विवरणसहित नगरपालिकासमक्ष निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा समितिले जाँचबुझ गरी पेश गरेको प्रतिवेदन समेतको आधारमा माग गरे बमोजिम अवधि थप गर्न मनासिव देखेमा तोकिए बमोजिमको अवधि थप दस्तुर लिई अति साना स्तर, साना स्तर, मझौला स्तर र ठूला स्तरको उत्खनन् कार्यको लागि क्रमशः एक वर्ष, दुई वर्ष, तीन वर्ष र पाँच वर्षको लागि अवधि थप गरिदिन सक्नेछ।

(४) उपदफा (१) र (३) बमोजिमको अवधिभित्र सम्पूर्ण उत्खनन् कार्य नभई केही खनिज पदार्थको भण्डारण बाँकी रहेमा र सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले थप उत्खनन् गर्न चाहेमा दफा (६) बमोजिमको निवेदनसाथ उत्खनन् योजना समेत संलग्न राखी निवेदन दिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको निवेदन सहितको कागजात जाँचबुझ गर्दा त्यस्तो खनिज पदार्थको थप उत्खनन् कार्य गर्ने अनुमतिपत्र दिन उपयुक्त देखिएमा तोकिएको दस्तुर लिई दफा ११ को उपदफा (१) बमोजिम स्तर र अवधि किटान गरी त्यस्तो खनिज पदार्थको उत्खनन् कार्य गर्न अनुमतिपत्र दिनुपर्नेछ।

१३. **खनिज कार्य गर्दा वातावरणमा प्रतिकूल असर पार्न नहुने :** (१) यस ऐन बमोजिम कम्पनीले खनिज कार्य गर्दा प्रचलित वातावरण सम्बन्धी कानून बमोजिम वातावरणको बचाउ तथा न्यूनीकरणका उपायहरु अवलम्बन गरी गर्नुपर्नेछ।

(२) उपदफा (१) विपरीत गरिएको खनिज कार्यबाट वातावरणमा परेको प्रतिकूल असरको सम्बन्धमा नगरपालिकाले सम्बन्धित कम्पनीलाई प्रचलित कानून बमोजिम कारबाही गर्न वा सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

१४. **प्राकृतिक श्रोत उपयोग कर बुझाउनुपर्ने :** (१) उत्खनन् अनुमति प्राप्त व्यक्तिले प्रत्येक पटक खानीद्वारबाट खनिज निकासी गर्दा नगरपालिकालाई खनिज पदार्थको प्रकार, गुणस्तर र परिमाणको आधारमा प्राकृतिक श्रोत उपयोग कर बुझाउनु पर्नेछ। यसरी बुझाउनु पर्ने प्राकृतिक श्रोत उपयोग करको दर प्रदेश आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ। त्यस्तो करको दर सम्बन्धित प्रदेश कानूनमा व्यवस्था नहुँदासम्म नगरपालिकाबाट जारी हुने आर्थिक ऐन बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम बुझाउनुपर्ने कर वापतको रकम प्रत्येक महीना समाप्त भएको मितिले सात दिनभित्र राजश्व खातामा जम्मा गरी पन्ध्र दिनभित्र मासिक उत्पादन विवरणसहित राजस्व दाखिला गरिएको भौचर नगरपालिकामा पेश गर्नुपर्नेछ।

(३) उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले उपदफा (२) मा तोकिएको म्यादभित्र कर वापतको रकम दाखिला नगरेमा सो म्याद समाप्त भएको मितिले तीन महीनासम्म बुझाउनुपर्ने करको दश प्रतिशत, ६ महीनासम्म बीस प्रतिशत र एक बर्षसम्म ३० प्रतिशत अतिरिक्त रकम कर वापतको रकममा थप गरी बुझाउनुपर्नेछ।

(४) संघीयता कार्यान्वयनको संक्रमणकालिन अवस्था समेतका कारण उपदफा (१), (२) र (३) बमोजिम बुझाउनुपर्ने कर तथा विलम्ब दस्तुर समेत बक्यौता रहेको भए यस ऐन बमोजिम एकमुष्ट हिसाब गरी नगरपालिकनमा बुझाउनुपर्नेछ ।

(५) यो ऐन जारी भएको मितिले ३ महिनाभित्र एकपटकका लागि यस उपदफा बमोजिमको बाँकी बक्यौता भुक्तानी गर्न नगरपालिकाले सूचना जारी गर्नेछ ।

(६) उपदफा ५ बमोजिम जारी गरिएको अवधि भित्र उपदफा (३) बमोजिमको कर शुल्क नबुझाउने खानी सञ्चालनको अनुमतिपत्र खारेज हुनेछ ।

(७) उपदफा (४) बमोजिमको कर, दस्तुर बुझाई खानी तथा भूगर्भ विभागबाट उत्खनन् सहमतीको समयावधी बाँकी रहेका फर्म, कम्पनीले अनुमतिपत्रको नविकरण गर्न पाउने छन् ।

(८) उपदफा (३) बमोजिम कर दस्तुर गणना गर्दा अनुमतिपत्रमा उल्लेख भएको वार्षिक परिमाण वा बाँकी बक्यौता अवधि वर्षको अन्तिम लेखापरिक्षण प्रतिवेदन वा सम्बन्धित सार्वजनिक निकायबाट प्रमाणित वासलात मध्ये जुन बढी हुन आउँछ सो परिमाणका आधारमा गणना हुनेछ ।

(९) यो ऐन जारी हुनुभन्दा अघिल्लो आर्थिक वर्षहरुको कर, दस्तुरका दर खानी तथा खनिज पदार्थ ऐन २०४२ र खानी तथा खनिज पदार्थ नियमावली २०५६ बमोजिम गणना गरिनेछ ।

(१०) उपदफा (१) बमोजिम खनिज निकासी गर्दा नगरपालिकाबाट बिकास गरिएको स्वचालित प्रणालीमा प्रविष्ट गरी परिमाण समेत खुल्ने निस्सा जारी गरेर मात्र गर्नुपर्नेछ।

(११) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाबाट घाटगद्दी गराई प्रमाणित परिमाणको एकमुष्ट रुपमा कर दाखिला गर्न लगाई निकासी स्वीकृति दिन सक्नेछ।

१५. **भू- उपयोग कर :** यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरु बमोजिम खनिज कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले नगरपालिकाले तोके बमोजिम वार्षिक भू-उपयोग कर बुझाउनुपर्नेछ।

१६. **विशेष व्यवस्था :** नगरपालिकाले राष्ट्रिय सुरक्षा, सार्वजनिक हित वा ऐतिहासिक महत्वको दृष्टिकोणबाट कुनै क्षेत्रलाई खनिज कार्यको लागि निषेधित क्षेत्र घोषित गर्न वा कुनै क्षेत्रको सम्बन्धमा विशेष शर्तहरु तोकी खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ ।

१७. **आदेश दिन सक्ने :** नगरपालिकाले खनिज कार्यबाट खानी वा खनिज पदार्थको भण्डारलाई हुनसक्ने क्षति, खानीमा काम गर्ने श्रमिक वा अन्य कसैको जिउ वा सम्पत्तिमा पर्न सक्ने चोटपटक वा नोक्सानी रोकथाम गर्न, कुनै प्रतिष्ठान (इन्सटलेशन) मा हानी नोक्सानी हुन नदिन , भू-क्षय हुन नदिन आवश्यक आदेश दिन सक्नेछ । त्यस्तो आदेश पालना गर्नु खानी सञ्चालकको कर्तव्य हुनेछ ।

१८. **खनिज पदार्थको निर्यातमा बन्देज लगाउन सक्ने :** (१) नगरपालिकाले आन्तरिक सुरक्षा, राष्ट्रिय सुरक्षा वा आन्तरिक माँग आपूर्ति गर्नको लागि कुनै खनिज पदार्थ विदेश वा अन्य जिल्ला वा अन्य स्थानीय तहको क्षेत्र भित्र निर्यात गर्न नपाउने गरी आदेश जारी गरी आवश्यक बन्देज लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आवश्यक बन्देज लगाएको अवस्थामा बाहेक अन्य अवस्थामा अनुमति प्राप्त व्यक्तिले आफूले उत्खनन् गरेको खनिज पदार्थ तोकिएबमोजिम अन्य प्रदेश, जिल्ला वा स्थानीय तह र विदेशमा निर्यात गर्न पाउनेछ ।

१९. **जानकारी दिनुपर्ने :** (१) सर्वेक्षण कार्य गर्ने अनुमति प्राप्त व्यक्ति,फर्म वा कम्पनीले सर्वेक्षण कार्य गर्दा अनुमतिपत्रमा उल्लिखित खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थ पत्ता लागेमा त्यसको जानकारी ७ दिनभित्र नगरपालिकालाई दिनु पर्नेछ र त्यस्तो खनिजको उत्खनन् गर्न चाहेमा निजलाई त्यस्तो खनिज पदार्थको खनिज कार्य गर्न प्राथमिकता दिइनेछ ।

(२) तर त्यस्तो व्यक्तिलाई दफा १३ को उपदफा (३) बमोजिम तोकिएको खनिज पदार्थको खनिज कार्य गर्न अनुमति पाउने अधिकार
हुनेछैन ।

## परिच्छेद-४
## संस्थागत संरचना

२०. **सिफारिस समितिः** (१) यस ऐन बमोजिम खनिज कार्यको अनुमति प्रदान वा नामसारी सम्बन्धमा सिफारिस गर्नको लागि कार्यपालिका अन्तर्गत एक प्राविधिक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिमा देहाय बमोजिमका सदस्य रहनेछन्

(क) सम्बन्धित वडाको वडाअध्यक्ष -संयोजक

(ख) नगरपालिकाको वातावरण शाखा प्रमुख -सदस्य

(ग) नगरपालिकाले तोकेको सम्बन्धित विषयको विषयविज्ञ (माईनिङ्ग ईन्जिनियर वा जियोलोजिष्ट) -सदस्य

(घ) नगरपालिकाको राजश्व शाखा प्रमुख -सदस्य

(ङ) नगरपालिकाको उद्योग शाखा प्रमुख -सदस्य-सचिव

२१. **सिफारिस समितिको काम, कर्तव्य र अधिकार :** (१) दफा २० बमोजिमको सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) खनिज कार्यको लागि पेश हुन आएको निवेदन उपर जाँचबुझ गरी सर्वेक्षण अनुमतिपत्र वा उत्खनन् अनुमतिपत्र जारी गर्न कार्यपालिकामा लिखित सिफारिस गर्ने।

(ख) नगरपालिका क्षेत्रभित्रको खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क संकलन गर्ने।

(ग) खनिज कार्यको लागि निवेदनसाथ प्राप्त कागजात विवरण अपुग भएमा त्यस्तो विबरण वा कागजात थप, परिमार्जन वा संशोधन गर्न निवेदकलाई निर्देशन दिने।

(घ) खनिज कार्यको अनुमति प्रदान गर्दा तोकिने शर्त/बन्देजहरु सिफारिस गर्ने।

(ङ) कार्यपालिकाको निर्देशन बमोजिम खनिज पदार्थको संरक्षण तथा व्यबस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन गर्ने।

२२. **अनुगमन समितिः** (१) यस ऐन बमोजिम खानी तथा नदीजन्य उद्योगहरुको अनुगमन/निरीक्षण गर्न देहाय बमोजिमको एक अनुगमन समिति रहनेछ।

(क) नगर उपप्रमुख -संयोजक

(ख) अधिकृत प्रतिनिधि, खानी तथा भूगर्भ विभाग -सदस्य

(ग) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य

(घ) अधिकृत प्रतिनिधि, घरेलु कार्यालय -सदस्य

(ङ) नगरपालिकाले तोकेको सम्बन्धित विषयको विषयविज्ञ (माईनिङ्ग ईन्जिनियर वा जियोलोजिष्ट) -सदस्य

(च) नगरप्रहरी इन्चार्ज -सदस्य

(छ) नगरपालिकाको वातावरण शाखा प्रमुख - सदस्य-सचिव

२३. **अनुगमन समितिको काम, कर्तव्य र अधिकारः**

(१) दफा २२ बमोजिमको सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) खनिज कार्यको लागि पेश हुन आएको निवेदन उपर जाँचबुझ गरी सर्वेक्षण अनुमतिपत्र वा उत्खनन् अनुमतिपत्र जारी गर्न कार्यपालिकामा लिखित सिफारिस गर्ने।

(ख) नगरपालिका क्षेत्रभित्रको खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क संकलन गर्ने।

(ग) खनिज कार्यको लागि निवेदनसाथ प्राप्त कागजात विवरण अपुग भएमा त्यस्तो विबरण वा कागजात थप, परिमार्जन वा शंसोधन गर्न निवेदकलाई निर्देशन दिने।

(घ) खनिज कार्यको अनुमति प्रदान गर्दा तोकिने शर्त बन्देजहरु सिफारिस गर्ने।

(ङ) कार्यपालिकाको निर्देशन बमोजिम खनिज पदार्थको संरक्षण तथा व्यबस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन गर्ने।

(२) दफा १७ को उपदफा (२) बमोजिमको अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) यस ऐन वा यो ऐन अन्तर्गत बनेको नियम, कार्यविधि वा मापदण्ड अनुरुप खनिज कार्य सञ्चालन गरे नगरेको अनुगमन गर्ने।

(ख) यस ऐन वा यो ऐन अन्तर्गत बनेको नियम, कार्यविधि वा मापदण्ड अनुरुप खनिज कार्य सञ्चालन नगरेको पाईएमा कारवाही तथा सजायको लागि नगरपालिका समक्ष लिखित सिफारिस गर्ने।

२४. **विज्ञ समिति गठन गर्न सक्ने :** यस ऐन बमोजिमको कार्य सम्पादन गर्न कार्यपालिकालाई सहयोग पुर्‍याउन वा प्राविधिक परामर्श लिन कार्यपालिकाले एक वा एकभन्दा बढी विज्ञ वा प्राविधिक समिति गठन गर्न सक्नेछ।

## परिच्छेद-५

## दण्ड सजाय

२५. **दण्ड सजाय :** (१) कसैले यस ऐन बमोजिम खनिज कार्य गर्ने अनुमति नलिई खनिज कार्य गरेमा नगर कार्यपालिकाले त्यस्तो खनिज कार्य बन्द गरी खनिज कार्यमा प्रयोग गरिएको यन्त्र, उपकरण, औजार र मालसामान तथा अनधिकृत तवरले उत्खनन् गरेको खनिज पदार्थ समेत जफत गर्नुको साथै त्यस्तो व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिवाना गर्न र त्यस्तो कार्यबाट नोक्सान भएको धनसम्पत्तिको क्षति पनि भराउन सक्नेछ ।

(२) अनुमति प्राप्त व्यक्तिले दफा १४ बमोजिम दिइएको निर्देशन वा आदेश पालन नगरेमा त्यस्तो निर्देशन वा आदेश पालन नगरेसम्म नगरपालिकाले खनिज कार्य स्थगित गर्न वा खनिज कार्य गर्ने अनुमति नै रद्द गर्न सक्नेछ । त्यस्तो निर्देशन वा आदेश पालन नगरेको कारणबाट खानी वा खनिज पदार्थको भण्डारणमा क्षति पुग्न गएमा, भूक्षय भएमा वा कसैको जिउ वा धन सम्पत्तिमा चोटपटक वा नोक्सानी पर्न गएमा पाँच लाख रुपैयाँसम्म जरिवाना गर्न र नोक्सानीको आधारमा मुनासिब क्षतिपूर्ति समेत अनुमति प्राप्त व्यक्तिबाट भराउन सक्नेछ।

(३) अनुमति प्राप्त व्यक्तिले यस ऐनको दफा २७ बमोजिम नगरपालिकामा दिनुपर्ने सूचना वा प्रतिवेदन नदिएमा त्यसरी सूचना वा प्रतिवेदन नदिएसम्म नगरपालिकाले खनिज कार्य स्थगित गर्न सक्नेछ ।

(४) अनुमति प्राप्त व्यक्तिले तेस्रो पक्षलाई शर्त, मञ्जुरीनामा वा कबुलियतनामाको आधारमा खानी संचालन गर्न दिन पाईने छैन।यस्तो गरिएको पाईएमा नगरपालिकाले निजलाई १० लाखसम्म जरीवाना वा अनुमतिपत्र खारेज गर्न सक्नेछ ।



गोदावरी नगरपालिका,ललितपुर

(५) अनुमति प्राप्त व्यक्तिले यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम बर्खिलाप कुनै काम गरेमा वा नगरपालिकाले स्वीकृति प्रदान गर्दा तोकिएको खानी क्षेत्र बाहेक अन्य क्षेत्रमा उत्खनन् कार्य गरेमा नगर कार्यपालिकाले निजलाई दशलाख रुपैयाँसम्म जरिवाना गर्न र खनिज कार्य गर्न दिइएको अनुमति रद्द गर्न सक्नेछ ।

(६) उपदफा (१), (२), (४) र (५) बमोजिम कारवाही गर्नुभन्दा अगाडी नगरकार्यपालिकाले सम्बन्धित व्यक्तिलाई स्पष्टीकरण पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(७) उपदफा (१), (२), (४) वा (५) बमोजिम भएको सजायको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद-६
## विविध

२६. **सूचना तथा प्रतिवेदन :** अनुमति प्राप्त व्यक्ति/फर्म/कम्पनीले तोकिए बमोजिमको सूचना तथा प्रतिवेदन तोकिएको ढाँचामा नगरपालिकामा दिनु पर्नेछ ।

२७. **जग्गा प्राप्त गर्ने वा जग्गामा प्रवेश गर्ने :** (१) दफा १३ बमोजिम निषेध गरिएको क्षेत्रमा बाहेक अन्य क्षेत्रमा रहेका कुनै जग्गा खनिज कार्यको लागि अस्थायी वा स्थायी तवरले आवश्यक पर्ने भएमा नगरपालिकाबाट अनुमति/स्वीकृती लिई प्रचलित कानूनको अधीनमा रही उपयोग गर्न वा प्राप्त गर्न बाधा पुग्ने छैन ।

(२) अनुमति प्राप्त व्यक्तिले खनिज कार्य गर्दा कुनै जग्गावालाले आफ्नो जग्गा उपभोग गर्न नपाएमा वा नीजि सम्पत्ति नोक्सानी भएमा नगरपालिकाले आवश्यक प्राविधिक परामर्श लिई प्रचलित दरभाउलाई समेत ध्यानमा राखी सम्बन्धित जग्गावालालाई क्षतिपूर्ति दिन निर्देशन दिनेछ।

(३) उपदफा (२) बमोजिम दिईएको निर्देशनको पालना गर्नु अनुमति प्राप्त व्यक्तिको कर्तव्य हुनेछ।

२८. **निरीक्षण तथा जाँचबुझ :** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमबमोजिम खनिज कार्य भए नभएको निरीक्षण तथा जाँचबुझ गर्न नगरपालिकाले कुनै विशेषज्ञ, अधिकारी वा निकायलाई जिम्मेवारी दिन वा नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जिम्मेवारी तोकिएको विशेषज्ञ, अधिकारी वा निकायलाई निरीक्षण तथा जाँचबुझको सिलसिलामा खनिज कार्य भइरहेको वा हुने जुनसुकै ठाउँमा प्रवेश गर्न दिनु र निजले मागेको कागजात तथा विवरण उपलब्ध गराउनु अनुमति प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

२९. **विशेष अधिकार :** (१) नगरपालिकाले राष्ट्रिय वा आन्तरिक सुरक्षा वा सार्वजनिक हितको लागि आवश्यक देखेमा तुरुन्त खनिज कार्य रोक्का गरी खनिज कार्य गर्ने अनुमति रद्द गर्न सक्नेछ ।

३०. **नियम बनाउने अधिकार :** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले नियमहरु, मापदण्ड एवं आवश्यकतानुसार कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको प्रतिकूल प्रभाव नपर्ने गरी देहायका विषयहरुमा नियमहरु बनाउन सक्नेछ ।

(क) खनिज कार्य गर्न अनुमति लिन चाहने व्यक्तिको योग्यता,

(ख) खनिज सम्झौता तथा अनुमतिपत्रमा रहने कुराहरु,

(ग) खनिज क्षेत्रको सर्भेक्षण, नाप, नक्शा तथा क्षेत्र परित्याग,

(घ) खनिज कार्य गर्दा अपनाउनुपर्ने कार्यविधि तथा पालना गर्नुपर्ने शर्तहरु,

(ङ) खनिज कार्य गर्दा धनजनको सुरक्षा गर्ने र भूक्षय तथा वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर हुन नदिन गर्नुपर्ने सुरक्षात्मक व्यवस्था ।

(च) अनुमति प्राप्त व्यक्तिले बुझाउनुपर्ने प्राकृतिक श्रोत उपयोग कर र अन्य शुल्क ।

(छ) अनुमति प्राप्त व्यक्तिले राख्नुपर्ने खनिज कार्यको हिसाव किताब,

(ज) अनुमति प्राप्त व्यक्तिले दिनुपर्ने सूचना, प्रतिवेदन तथा अन्य विवरणहरु र

(झ) निरीक्षण तथा जाँचबुझ सम्बन्धी कार्यविधि

३१. **कानून बमोजिम हुने :** नेपालको संविधानको अनुसूची-८ बमोजिमको एकल अधिकारका सम्बन्धमा यसै ऐन बमोजिम हुने तथा अनुसूची-९ को संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची भित्र रहेका विषयहरु प्रदेश सरकार र नेपाल सरकारको कानून बमोजिम हुनेछ ।